## बागमती प्रदेश सरकार

## सहकारी तथा गरिबी निवारण मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

## टंक प्रसाद घुम्ती सडक, अनामनगर, काठमाडौं

# सिभिल स्टेट्स प्रा.ली (CTC मल) मा व्यापार व्यवसाय गर्ने र कर्जा लगानी गरेका सरोकारवालाहरुको लागी प्रकाशित गरिएको ३०(तिस) दिने सार्वजनिक सूचना ।

**प्रकाशित मितिः २०८२।०७।१२**

बागमती प्रदेश सहकारी ऐन, २०७६ को दफा ८१ बमोजिम बागमती प्रदेश सरकारबाट सिभिल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडङ सोल्टीमोडलाई समस्याग्रस्त घोषणा गरी सो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न सोही ऐनको दफा ८२ बमोजिम गठन भएको यस समितिलाई लेखी आएकोले समस्याग्रस्त उक्त सहकारीको बचतकर्ताहरुको बचत रकम फिर्ता गर्नुपर्ने भएकोले सिभिल स्टेष्टेट्स प्रा. लि. को नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं महानगरपालिका वडा नं. ११ किता नं. २४२४ क्षेत्रफल ६-०-०-० (छ रोपनी) मा बनेको ११ (एघार) तले व्यापारिक भवनमा समस्याग्रस्त सहकारी सिभिल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभका संचालक, कर्मचारी, निजको परिवरको सदस्यले बचतकर्ताको बचत रकम लगानी गरेको देखिन आएकोले प्रदेश सहकारी ऐन, २०७६ को दफा ८३ को देहाय (ठ) बमोजिम सो सम्पत्तिबाट बचतकर्ताको बचत भरि भराउ गर्न लिलाम बिक्री गर्नुपर्ने भएकोले सो सिभिल स्टेट्स प्रा.लि.का नाममा दर्ता रहेको व्यापारीक भवनको भुइ तल्लामा रहेको पसल कवल २०१ देखि १२५ सम्म, पहिलो तल्लामा रहेको पसल कवल २०१ देखी २३० सम्म, दोश्रो तल्लामा रहेको पसल कवल ३०१ देखी ३२५ तथा रेस्टुरेन्ट, तेस्रो तल्लामा रहेको पसल कवल ४०१ देखी ४३९ सम्म, चौथो तल्लामा रहेको ५०१ देखी ५३९ सम्म, पाचौं तल्लामा रहेको अफिस ६०१ देखी ६१४ सम्म, छैठो तल्लामा रहेको अफिस ७०१ देखी ७१४ सम्म, सातौं तल्लामा रहेको अफिस ८०१ देखी ८०६ सम्म, तथा सिनेमा लवी, गेम पार्लर, गेम पार्लार बालकोनी वाउलिङ्ग एली, वाउलिङ एली वालकोनी, आठौं तल्लामा रहेको अफिस ९०१ देखी ९०६ तथा सिनेमा हल २ (दुई) नवौ तल्लामा रहेको रिभल्वीङ्ग रेष्टुरा, रिभल्वीङ्ग रेष्टुरा यूटिलिटी, अपरवेसमेन्ट कार पार्किङ्गहरु र लोवर वेसमेन्ट कार पार्किङ्गहरु भाडामा लिने व्यक्तिहरु, खरिद गरी लिएको वा भाडामा प्रयोग गरी बसेको भए सोको प्रमाण सहित यस समितिको कार्यालयमा उपस्थित भइ यथार्थ विवरण पेश गर्नुहुन अनुरोध छ। साथै भाडामा बसी आफ्नो व्यापार व्यवसाय संचालन गर्ने व्यक्तिहरुले सो पसल कवलको भाडा यस समिति समक्ष आई बुझाउनुहुन समेत अनुरोध छ। उक्त व्यापारिक भवनमा कुनै बैंक तथा वित्तिय संस्था वा अन्य कुनै निकायले कर्जा लगानी गरेको भए आफूले लगानी गरेको कर्जाको विवरण र हाल लिन बाँकी रहेको साँवा तथा व्याजको विवरण यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र पेश गरी सहयोग गरिदिनुहुन समेत यसै सूचनाद्बारा अनुरोध छ। उक्त व्यापारिक भवनमा आफ्नो व्यवसाय संचालन गरीआउनु भएको सबै महानुभावहरुले बचतकर्ताको बचत फिर्ता गर्ने कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध छ।